# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

### कोभिड १९ बिरुद्धको (Pfizer) खोप लगाउने वारे सूचना ।

उपरोक्त सम्वन्धमा स्वास्थ्य कार्यालय काठमाडौंको मिति २०७८।०९।२५, च.नं.५१६ को पत्र तथा मिति २०७८।०९।२२ गते बसेको नगर स्तरीय खोप समन्वय समितिको बैठकको निर्णयानुसार यस नगरपालिकाका सबै वडामा रहेका विद्यालय/केन्द्र हरुमा तपशिलको मिति, समय र स्थानमा कोभिड-१९ विरुद्धको फाईजर (Pfizer-BioNtech Covid-19 Vaccine) खोपको पहिलो मात्रा खोप तपशिल बमोजिम तालिका अनुसार (१२ देखि १७ वर्ष सम्म उमेर समुहका) वालवालिकाहरुलाई मिति २०७८।०९।२७ देखि संचालन हुने भएकाले जनस्वास्थ्यको मापलण्डको पूर्ण पालना हुने गरी आ-आफ्नो पायक पर्ने खोप केन्द्रमा गई खोप लगाउन आउनु हुन सबैमा जानकारीको लागि अनुरोध छ ।

..............................

(भोला प्रसाद चापागाई)

प्रमुख प्रशासकीय अधिकृत

## फाइजर-बायोएनटेक खोप सम्वन्धी सामान्य जानकारी

### परिचय:

- कोभिड-१९ विरुद्धको यो खोप कोरोना भाइरस 'SARS-CoV-2' को अनुवांशिक तत्व 'RNA' प्रयोग गरेर तयार गरिएको हुन्छ । यो खोप जर्मन बायोटेक्नोलोजी कम्पनी 'BioNTech' ले अमेरिकन कम्पनी 'Pfizer' को सहकार्यमा विकास गरेको हो । यो खोप टोजीनामेरान (Tozinameran), फाइजर-बायोएनटेक खोप (Pfizer-BioNTech COVID-19 Vaccine), वा कोमिरन्याटी (Comirnaty) नामबाट उपलब्ध छ ।

### लक्षित समुह:

- १२ वर्ष देखि १७ वर्ष उमेरसम्मका बालबालिकाहरू मात्र
- मात्राको सँख्या (२ मात्रा लगाउनु पर्ने । दुईमात्र ाबीचको फरक २१-२८ दिन ।)
- मात्रा(०.३ मि.लि.)

### खोपदिने आधार:

- विद्यालयले तयार गरेको कक्षागत सूचि, परिचयपत्र वा सिफारिस ।
- उमेर खुल्ने परिचयपत्र (विद्यालयमा सूचीकृत नभएका बालबालिकाहरूको लागि) ।
- दोस्रो मात्रा लिनको लागि पहिलो मात्रा लिएको खोप कार्ड ।

### हाललाई फाइजर-बायोएनटेक खोप दिनै नहुने अवस्था:

- १२ वर्ष मुनिका बालबालिकाहरू
- यस भन्दा अघि कुनै खानेकुरा, औषधी, खोप वा अन्य कुनै कारणले गम्भिर एलर्जी जस्तै (डाबर आउने, शरीर चिलाउने, मुख सुन्नीने, सास फेर्न गाह्रो हुने, बेहोस हुने)वा एनाफाइलेक्सिस भएमा । यसमा एलर्जीले गर्दा हुने एलर्जीक दमरोग पनी पर्छ तर बुढाबुढी मा चुरोट र दाउराको धुवाले हुने दमरोग भने पर्दैन ।
- कोभिड–१९ को सकृय संक्रमण भएको अवस्था ।
- कुनै पनि कारणले गम्भीर बिरामी भएमा(गम्भिर जोरो वा अन्य कुनै गम्भिर बिरामी) ।

### फाइजर-बायोएनटेक खोप दिदा सावधानी हुनुपर्ने अवस्था:

- रगतमा रगत रोकथाम गराउने तत्वको कमीहुने रोग (Clotting factor deficiency, coagulopathy, platelet disorders) भएका मानिस अथवा Antiplatelet (Aspirin, Clopidogrel, etc) and/orAnticoagulant (Warfarin, Heparin, etc) औषधी सेवन गरिरहेका मानिस ।
- कोभिड–१९ को संक्रमण निको भएपछि पनि ४ हप्ताको लागि खोप स्थगित गर्ने ।
- Monoclonal antibodies/convalescent प्लाज्मा थेरापी दिइएका कोभिड–१९ बिरामीलाई ३ महिनाको लागि खोप स्थगित गर्ने ।
- कोभिड-१९ भ्याक्सिन सँगै अन्य भ्याक्सिन दिनु परेमा १४ दिनको अन्तरमा मात्र दिने । तर रेबिज रोग र टिटानस रोग लागेमा ज्याननै जान सक्ने हुनाले यी रोग बिरुद्ध खोप लगाउनुपर्ने अवस्था आएमा खोपको लागि परामर्श लिन तथा

खोप लिन टेकु अस्पताल जानुपर्ने हुनसक्छ । जनावरले टोकेको घाउ १५ मिनेट सम्म साबुनपानीले सफा गरेर त्यसमा बेटाडिन लगाएर खोपको लागि पारमर्श लिन तथा खोप लिन टेकु अस्पताल जानु पर्दछ ।

**निम्न अवस्था भएकाहरुलाई फाइजर-बायोएनटेक खोप दिन मिल्छ:**

- दीर्घरोग जस्तै मुटु, मस्तिस्क, फोक्सो, मृगौला रोग र क्यान्सर रोग भएका विरामीहरु
- रोग प्रतिरक्षाकमी (Immunodeficiency) वा एच.आई.भि (HIV but not full blown AIDS) भएका विरामीहरु ।
- रोग प्रतिराधात्मक औषधि(Immuno-suppressive drug) सेवन गरि रहेका विरामीहरु ।

**कोभिड-१९ विरुद्धको खोप अभियान र खोप लगाएपछि हुनसक्ने अवाञ्छित घटना:**

- खोप सुरक्षित र प्रभावकारी छ भन्ने कुरा निश्चित भएपछि मात्र विश्व बजारमा उपलब्ध हुन्छन् र यो तथ्य कोभिड-१९ विरुद्ध प्रयोग गरिने खोपहरूको सन्दर्भमा पनि लागु हुन्छ ।
- कोभिड-१९ विरुद्ध प्रयोग गरिने खोप नेपालमा आकस्मिक प्रयोगका लागि हाम्रो देशको नियमनकारी निकाय "औषधी व्यवस्था विभाग" बाट अनुमती प्राप्त भएपछि मात्र प्रयोग गरिन्छ ।
- कुनै पनि खोप, औषधी वा उपचारमा प्रयोग हुने औषधीजन्य अन्यवस्तु शतप्रतिशत सुरक्षित हुँदैन, त्यसैले तिनीहरूको प्रयोग/सेवनगर्दा कहिले काही अवाञ्छित घटना हुनसक्छ ।
- खोप लगाएपछि हुनसक्ने अवाञ्छित घटना (ए.ई.एफ.आई.) हुने सम्भावना अतिनै न्यून हुन्छ ।

**खोप दिदा गर्नुपर्ने परामर्श:**

- यो खोप सुरक्षित र प्रभावकारी छ र सामान्य असर जस्तै- ज्वरो आउने, टाउको दुख्ने, जीउदुख्ने, आलस्यता, थकाइ तथा कमजोरी, सुई लगाएको ठाउँमा दुख्ने, सुन्निने र रातो हुने हुनसक्छ तर केहीदिन पछि आफै ठीक हुन्छ । यस्ता सामान्य घटनाहरु खोप लगाएको केहि दिनसम्म मात्र हुने हुनाले यसको डरले खोप लगाउनबाट कदापी बञ्चित हुनु हुँदैन ।
- ज्वोरो आउने, जाडो महसुश हुने, टाउको दुख्ने, जिउ र जोर्नी दुख्ने भएमा सीटामोल एक दिनको तीन पटक सम्म लिन मिल्छ ।
- खोप लगाएको केही दिनसम्म कुनै कडा विरामी वा समस्या भएमा स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गर्नु पर्दछ । जस्तै- यो खोपको दोश्रो मात्रा लिएपछि १४ दिनभित्र छाति दुख्ने, स्वास फेर्न गाह्रो र स्वास छिटो छिटो हुने, मुटुको धडकन बढ्ने (Myocarditis / Pericarditis) हुनसक्छ ।
- फाइजर-बायोएनटेक खोप लगाएपछी Anaphylaxis (गम्भिर एलर्जी), Toxic shock syndrome जस्ता गम्भिर अवाञ्छित घटना दुर्लभ छन ।
- खोप लगाएपछि हुनसक्ने अवाञ्छित घटनाको निगरानीको लागिखोप लिएपछि ३० मिनेटसम्म खोप केन्द्रमा अनिवार्य रुपमा बस्नु पर्दछ ।
- यो खोप २१ देखि २८ दिनको फरकमा २ मात्रालगाउनु पर्दछ । दोस्रो मात्राखोप लिन आउँदा खोप कार्ड लिएर आउनु पर्दछ ।
- साबुनपानीले हातधुने वा सेनिटाइजर प्रयोग गर्ने र मास्क लगाउने जस्ता सुरक्षाका मापदण्डहरू सबैले पालना गर्नु पर्दछ ।

**नियमित सावुन पानीले हात धुने गरौं । सामाजिक दुरी कायम गरौं । माक्सको सहि तरिकाले अनिवार्य प्रयोग गरौं ।**

दक्षिणकाली नगर कार्यपालिका ... बागमती प्रदेश, नेपाल २०७३

# दक्षिणकाली नगरपालिका

## कोभिड १९ विरुद्धको खोप अभियान

### फाईजर वायोटेक खोप (१२ देखि १७ वर्ष उमेर) खोप केन्द्र योजना

खोप संचालन हुने समय : विहान १०:३० देखि ३:३० वजेसम्म

| क्र.स. | खोप केन्द्र रहने विद्यालय/स्थान | वडा नं. | विद्यार्थी संख्या | खोप संचालन हुने मिति | खटिने स्वास्थ्यकर्मीको नाम |
|---|---|---|---|---|---|
| १ | दक्षिणकाली नगरपालिका वडा.१ बोसन | १ | १६१ | २०७८।०९।२७ | सरिता गौतम/सम्झना पन्त/म.स्वा.स्व.सेविका १ |
| २ | एशियाली तारापुञ्ज स्कूल, द.न.पा.१ खहरे | १ | ५४ | २०७८।०९।२८ | पवित्रा सापकोटा/सुमित्रा खड्का/म.स्वा.स्व.सेविका १ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र चाल्लाखेल | १ | १६५ | २०७८।०९।२९ | सरिता गौतम/सम्झना पन्त/म.स्वा.स्व.सेविका १ |
| ४ | खोकना जन मा.वि., द.न.पा. २ ग्वाल्द | २ | ९२ | २०७८।०९।२७ | फुलमता पाण्डे/स्यामकला पन्थी /म.स्वा.स्व.सेविका १ |
| ५ | कामधेनु माध्यामिक विद्यालय,द.न.पा.२ पाखाचोक | २ | १०५ | २०७८।०९।२८ | आशा भण्डारी/स्यामकला पन्थी /म.स्वा.स्व.सेविका १ |
| ६ | सेतिदेवी माध्यामिक विद्यालय, द.न.पा. ३ पोखरी | ३ | १४० | २०७८।०९।२७ | ईन्द्रकला वेलवासे/शोभा कुमारी तामाङ्ग/म.स्वा.स्व.सेविका १ |
| ७ | शहरी स्वास्थ्य केन्द्र भञ्ज्याङ्ग | ३ | ४३ | २०७८।०९।२८ | ईन्द्रकला वेलवासे/कृष्ण के.सी./म.स्वा.स्व.सेविका १ |
| ८ | बालसुधार आधारभुत विद्यालय, द.न.पा.४ बासवारी | ४ | ३५ | २०७८।०९।२७ | रामु गुरुङ्ग/दिव्या महर्जन/म.स्वा.स्व.सेविका १ |
| ९ | शिखरापुर सामुदायीक विद्यालय,द.न.पा.५ शेषनारायण | ५ | १९५ | २०७८।०९।३० | शर्मिला मल्ल/विमला पौडेल/म.स्वा.स्व.सेविका १ |
| १० | त्रिभुवन आर्दश स्कूल,द.न.पा.५ फर्पिङ्ग | ५ | १९५ | २०७८।०९।२९ | शर्मिला मल्ल/विमला पौडेल/म.स्वा.स्व.सेविका १ |
| ११ | कार्डिनल इन्टरनेशनल स्कूल,द.न.पा.५ सतिखेल | ५ | २६७ | २०७८।०९।२८ | बबिता खनाल/कविता फुयाल/म.स्वा.स्व.सेविका १ |
| १२ | अरुणोदय सामुदायीक विद्यालय,द.न.पा.५ सतिखेल | ५ | ३१४ | २०७८।०९।२९ | बबिता खनाल/किरण राउत/म.स्वा.स्व.सेविका १ |
| १३ | फर्पिङ्ग माध्यामिक विद्यालय,द.न.पा. ६ फर्पिङ्ग | ६ | ३०२ | २०७८।०९।२८ | शुशिला काप्री/रोशनी शिवञ्जकार/म.स्वा.स्व.सेविका १ |
| १४ | ग्रिनहिल स्कूल, द.न.पा. ६ पर्पिङ्ग | ६ | २२२ | २०७८।०९।३० | शेर वहादुर चन्द/शोभा खतिवडा/म.स्वा.स्व.सेविका १ |
| १५ | घ्याम्पादेवी आधारभुत विद्यालय,द.न.पा.८ सिम्पानी | ८ | ४२ | २०७८।०९।३० | निर्मल कुमाल/मोनिका मोक्तान/म.स्वा.स्व.सेविका १ |
| १६ | पञ्चकन्या माध्यामिक विद्यालय,द.न.पा.८ भण्डारखर्क | ८ | १६६ | २०७८।१०।०२ | विवेक पन्त/मैया चापागाई/म.स्वा.स्व.सेविका १ |
| १७ | श्रीकृष्ण माध्यामिक विद्यालय,द.न.पा.८ छैमले | ८ | १७० | २०७८।०९।३० | विवेक पन्त/मोनिका मोक्तान/म.स्वा.स्व.सेविका १ |
| १८ | सेतिदेवी माध्यामिक विद्यालय, द.न.पा.९ टल्कु डुडेचौर | ९ | १३० | २०७८।१०।०२ | उर्मिला बलामी/यनुका खत्री/म.स्वा.स्व.सेविका १ |
| १९ | कालीदेवी आधारभुत विद्यालय,द.न.पा ९ लामागाउ | ९ | ११७ | २०७८।०९।२९ | अच्युत श्रेष्ठ/यनुका खत्री/म.स्वा.स्व.सेविका १ |

दक्षिणकाली नगर

# दक्षिणकाली नगरपालिका

## कोभिड १९ विरुद्धको खोप अभियान

### फाईजर वायोटेक खोप (१२ देखि १७ वर्ष उमेर) खोप केन्द्र योजना, गुम्वाहरुको

| क.स. | खोप केन्द्र रहने विद्यालय/स्थान | वडा नं. | विद्यार्थी संख्या | खोप संचालन हुने मिति | खोप संचालन हुने समय | खटिने स्वास्थ्यकर्मीको नाम |
|---|---|---|---|---|---|---|
| १ | Samye Memorial School | द.न.पा.५ , डल्लु | १३१ | २०७८।०९।३० | विहान ११:००-३:०० वजेसम्म | किरण राउत/कविता फुयाल |
| २ | Urgen Doje Chholing Gumba | द.न.पा. ९ , टल्कु | ८६ | २०७८।०९।३० | | बिरेन्द्र खड्का/अच्युत श्रेष्ठ |
| ३ | Neydo Tashi Choling Monastery | द.न.पा. ३ , भञ्ज्याङ्ग | ४० | २०७८।०९।३० | | कृष्ण के.सी./कल्पना के.सी. |
| ४ | Nepal Jonang Buddhist Institute | द.न.पा. ६, फर्पिङ्ग | ९४ | २०७८।१०।०२ | | रविन्द्र अर्याल/रोशनी सिवञ्जकार |
| ५ | Ngagyur Kothok Adzom Dongag Choekorling | द.न.पा.५ , डल्लु | १५१ | २०७८।१०।०२ | | सरिता गौतम/राधा कुंवर |
| ६ | Benchen school | द.न.पा. ६, फर्पिङ्ग | ७१ | २०७८।१०।०३ | | शुशिला कार्की/शेर बहादुर चन्द |
| ७ | Dongak Cholling Buddha Dharma Bistar Kendra | द.न.पा.५ , डल्लु | २० | २०७८।१०।०२ | | प्रभा श्रेष्ठ/रसिला बलामी |
| ८ | Rigon Tashi Chocling | द.न.पा.५ , डल्लु | ४६ | | | |
| ९ | Karma Samten Ling Nunnery School | द.न.पा.५ , डल्लु | १८ | | | |
| १० | Nuns Welfare foundation Of Nepal | द.न.पा.५ , डल्लु | ३१ | | | |
| ११ | Manjushri Di-Chen Buddhist Learning Center | द.न.पा. ६, फर्पिङ्ग | ४९ | २०७८।१०।०३ | | दिक्षा वस्नेत/रमिला बराल |
| १२ | Samye Memorial Monastery (Nunnery) | द.न.पा.५ , डल्लु | ६९ | २०७८।१०।०३ | | सन्तोष पुन/पवित्रा हटवाल |
| १३ | Yingma Urgen Doje Chholing secondary school | द.न.पा.५ , डल्लु | १४५ | | | |